




मानवअधिकारको संरक्षण र प्रवर्धनका
लागि विश्वव्यापी रूपमा कार्यरत

# एम्नेस्टी इन्टरनेसनल

# एम्नेस्टी इन्टरनेसनल : संक्षिप्त जानकारी

## परिचय

सन् १९६० ताका पोर्चुगलका दुईजना युवकले स्वतन्त्रताको नाममा टोस्ट गरेको निहुँमा त्यहाँको सरकारले उनीहरूलाई सात वर्ष कैद सजाय तोकेको समाचार बेलायतका स्थानीय पत्रिकाले प्रकाशित गरे । त्यो समाचार बेलायती वकिल पीटर बेनेन्सनले पनि पढ्न पुग्नु भयो, जसले वहाँलाई साह्रै चिन्तित तुल्यायो ।

शान्तिपूर्ण तवरले आफ्नो आस्था प्रकट गर्न पाउने नैसर्गिक अधिकार को उपयोग गरेकै निहुँमा बन्दी बनाएर पोर्चुगीज सरकारले ती युवाहरूमाथि अन्याय गरेको र त्यसरी अन्यायमा परेकाहरूलाई न्याय दिलाउन मद्दत नपुऱ्याएर अरूले समेत उनीहरूलाई बिर्सेको पीटर बेनेन्सनले महसुस गर्नुभयो।

त्यसपछि ती पोर्चुगीज युवा एवं उनीहरूजस्तै अन्यायमा परेका अन्य कयौं आस्थाका बन्दीहरूको पक्षमा आवाज उठाउन आह्वान गर्दै पीटर बेनेन्सनले बेलायतबाट प्रकाशित हुने अखबार "दी अब्जर्भर" (The Observer) मा सन् १९६१ मे २८ का दिन "बिर्सिएका बन्दीहरू" (The Forgotten Prisoners) शीर्षकको एक लेख प्रकाशित गर्नुभयो। उक्त लेखमा वहाँले लेख प्रकाशित भएकै दिनदेखि "आममाफीका लागि अनुरोध १९६१ (Appeal for Amnesty 1961)" नामक अभियानको थालनी

## एम्नेस्टी इन्टरनेसनल

- यस संस्थाको मुख्य कार्यक्षेत्र मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूमा उल्लिखित सबै अधिकार सबै मानवमात्रले बिना कुनै भेदभाव निर्वाध उपभोग गर्न पाउनु पर्दछ भनी त्यसको प्राप्ति र रक्षाका लागि अनुसन्धान तथा अभियान गर्नु हो ।
- मानवअधिकारका लागि कार्य गर्ने निष्पक्ष र प्रजातान्त्रिक प्रक्रियाबाट सञ्चालित एक अन्तर्राष्ट्रिय अभियान।
- साधारण व्यक्तिहरूबाट सञ्चालित असाधारण अभियान (extraordinary movement by ordinary people) जसमा विश्वका कुनै पनि स्थानमा रहेका कुनै पनि वर्गका सर्वसाधारणले कुनै पनि ठाउँमा कुनै पनि पक्षबाट हुने सबै प्रकारका मानवअधिकार ज्यादती र उल्लङ्घनको विरोधमा कार्य गर्दछन् र मानवअधिकार शिक्षा एवं सचेतनाका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दछन्।
- सन् १९७७ को नोबेल शान्ति पुरस्कार तथा सन् १९७८ को संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार पुरस्कार लगायत विश्वचर्चित पुरस्कार र सम्मानहरूबाट विभूषित।
- हाल संसारभर १५० भन्दा बढी मुलुकमा एक करोड भन्दा बढी सदस्य एवं समर्थकहरू रहेको।
- नेपाल समेत गरी ६४ वटा राष्ट्रिय शाखाहरू (Sections) रहेका छन् ।
- संयुक्त राष्ट्रसङ्घ, युनेस्को, युरोपियन युनियन, अफ्रिकी युनियन लगायत अन्तर्राष्ट्रिय निकायबाट परामर्शदातृ हैसियत (Consultative Status) को मान्यता प्राप्त गरेको।
- अमेरिकाको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको कार्यालय परिसरमा एम्नेस्टी इन्टरनेसनलको पनि UN Representative Office रहेको छ भने बेल्जियमको ब्रसेल्समा यसको European Association Office समेत रहेको छ।
- मानवअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूमध्ये विश्वको सबै भन्दा ठूलो (World's Largest) संस्थाको रूपमा चिनिन्छ।

आवरण फोटो : एम्नेस्टी इन्टरनेसनलका संस्थापक पीटर बेनेन्सन




पूर्व राष्ट्रपति डा. रामवरण यादवसँग भेटघाट गर्दै एम्नेस्टी नेपालको प्रतिनिधिमण्डल । २०६५ फागुन (मार्च २००९)

गरिएको उद्‌घोष गर्नुभएको थियो।

उक्त अभियानले विश्वव्यापी रूपमा ख्याति प्राप्त गरेपश्चात् पीटर बेनेन्सन र वहाँका सहयोगीहरूले सो अभियानलाई संस्थागत रूपमा अघि बढाउन सन् १९६२ मा एम्नेस्टी इन्टरनेसनलको स्थापना भएको घोषणा गर्नुभयो। बेनेन्सनले लेख्नुभएको सोही लेख र "अपिल फर एम्नेस्टी १९६१" अभियान नै एम्नेस्टी इन्टरनेसनलको स्थापनाको कारक बन्न पुगेको हुँदा लेख प्रकाशित भएको र अभियान थालनी भएको दिन अर्थात् २८ मे १९६१ लाई नै एम्नेस्टी इन्टरनेसनलको स्थापना दिवस मानिन्छ। त्यस्तै अभियानको थालनी गर्नुहुने पीटर बेनेन्सन यस संस्थाका संस्थापक हुनुहुन्छ।

हाल यसले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र मानवअधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लिखित सबै अधिकारहरू सबै मानवमात्रले बिना कुनै भेदभाव निर्वाध उपभोग गर्न पाउनु पर्दछ भनी त्यसको प्राप्ति र रक्षाका लागि विश्वव्यापी अभियान सञ्चालन गर्ने गर्दछ। खासगरी मानवअधिकारसम्बन्धी घटनाको अनुसन्धानात्मक काम तथा अभियानलाई प्रभावकारी बनाउन यसले विशेष ध्यान पुऱ्याउने गर्दछ। संसारभरको मानवअधिकारको स्थिति समेटेर यसले प्रकाशित गर्ने वार्षिक प्रतिवेदन तथा मानवअधिकारसम्बन्धी अन्य प्रतिवेदन एवं यसले व्यक्त गर्ने धारणाले विश्वव्यापी महत्त्व राख्दछ।



DEN NORSKE NOBELKOMITÉ

HAR OVERENSSTEMMENDE MED REGLENE I DET AV

ALFRED NOBEL

DEN 27. NOVEMBER 1895 OPPRETTEDE TESTAMENTE TILDELT

Amnesty International

NOBELS FREDSPRIS FOR 1977

OSLO, 10. DESEMBER 1977

स्थापनाको १६ वर्ष बित्दानबित्दै सन् १९७७ मा प्रतिष्ठित नोबेल शान्ति पुरस्कार तथा सन् १९७८ मा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार पुरस्कारबाट एम्नेस्टी इन्टरनेसनल सम्मानित भएको छ। एम्नेस्टी इन्टरनेसनललाई संयुक्त राष्ट्रसङ्घ लगायतका निकायहरूबाट परामर्शदातृ निकायको हैसियत (Consultative Status) प्राप्त भएको छ।

हाल संसारभर १५० भन्दा बढी देशहरूमा एम्नेस्टीका एक करोड भन्दा बढी सदस्य र समर्थकहरू रहेका छन् भने नेपाल समेत गरी ६४ वटा राष्ट्रिय शाखाहरू (Sections) रहेका छन्। एम्नेस्टी इन्टरनेसनललाई मानवअधिकारको लागि अन्तर्राष्ट्रिय रूपमा कार्य गर्ने विश्वकै सबैभन्दा ठूलो संस्था (World's Largest Human Rights Movement) को रूपमा चिन्ने गरिन्छ।

# एम्नेस्टी इन्टरनेसनलको परिदृश्य, उद्देश्य र कार्यक्षेत्र

## परिदृश्य

एम्नेस्टी इन्टरनेसनल मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा प्रत्याभूत गरिएका सबै मानवअधिकार हरूको बिना कुनै भेदभाव सम्मान, संरक्षण, प्रवर्धन र प्राप्तिका लागि अभियान सञ्चालन गर्ने व्यक्तिहरूको एक विश्वव्यापी अभियान (Movement) हो।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भएबमोजिमका सबै मानवअधिकारहरू हरेक मानव मात्रले उपभोग गर्न पाएको विश्वको निर्माण नै एम्नेस्टी इन्टरनेसनलको परिदृश्य (भिजन) रहेको छ र यस संस्थाका सबै अभियानहरू त्यसै परिदृश्यको दिशातर्फ उन्मुख रहेका हुन्छन्।

## उद्देश्य

एम्नेस्टी इन्टरनेसनलको परिदृश्यलाई साकार पार्न मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरूमा उल्लिखित अधिकारहरूको गम्भीर उल्लङ्घनको रोकथाम र अन्त्यका लागि अध्ययन-अनुसन्धान तथा अभियानहरू सञ्चालन गर्नु एम्नेस्टी इन्टरनेसनलको उद्देश्य रहेको छ।

## कार्यक्षेत्र

स्थापनाकालमा आस्थाका बन्दीको रिहाइ जस्ता केही सिमित कार्यक्षेत्र भएको यस संस्थाले हाल मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लिखित सबै अधिकारहरूको विश्वव्यापी रूपमा संरक्षण, संवर्धन र प्रवर्धनका लागि कार्य गर्दछ ।

# एम्नेस्टी इन्टरनेसनलको कार्य

## अनुसन्धान

कुनै पनि देश र भूभागमा हुने कुनै पनि प्रकृतिका गम्भीर मानवअधिकार हनन्का विषयमा एम्नेस्टी इन्टरनेसनलले अनुसन्धान गर्दछ। यसका लागि छुट्टाछुट्टै देश र भूभागको अनुसन्धानको काम गर्ने छुट्टाछुट्टै अनुसन्धान टोली रहेको हुन्छ, जसले आवश्यकताअनुसार स्थलगत भ्रमण, तथ्य सङ्कलन, सम्बन्धित पक्षसँग भेटघाट गरी अनुसन्धान गर्दछ। त्यसरी अनुसन्धान गरी विभिन्न देश तथा भूभागमा भएका मानवअधिकारसम्बन्धी घटना विवरण समेटेर आवश्यकताअनुसार छुट्टाछुट्टै प्रतिवेदनहरू प्रकाशित गरिन्छ। यसका अलावा हरेक वर्ष विश्वभरकै मानवअधिकारको अवस्था समेटेर वार्षिक प्रतिवेदन पनि एम्नेस्टी इन्टरनेसनलले प्रकाशित गर्ने गर्दछ। एम्नेस्टी इन्टरनेसनलका यी सबै प्रतिवेदनलाई विश्वभर नै ठूलो महत्त्वका साथ हेर्ने गरिन्छ।



एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी अभियान "विरोधको संरक्षण गरौँ" (Protect the Protest) नेपालमा प्रारम्भ गर्दै । २०७९ साउन (जुलाई २०२२)

### स्थानीय सदस्यले अनुसन्धानात्मक कार्य गर्दैनन्

कुनै देशका एम्नेस्टी इन्टरनेसनलमा आबद्ध सदस्य, समूह र नेटवर्कहरूले स्थानीयस्तरमा वा सम्बन्धित देशमा भएका मानवअधिकार हनन्का घटनामा एम्नेस्टी इन्टरनेसनलका तर्फबाट अध्ययन अनुसन्धान गर्ने, विज्ञप्ति जारी गर्ने लगायतका अनुसन्धानात्मक कामहरू गर्न सक्दैनन्। एम्नेस्टी इन्टरनेसनलका स्थानीय सदस्यहरू वा यसमा

आबद्ध नेटवर्कहरूले एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गर्ने मानवअधिकारसम्बन्धी अभियानमा योगदान पुर्‍याउने काम गर्दछन्। तर उनीहरूलाई एम्नेस्टी इन्टरनेसनललाई प्रतिनिधित्व गर्दै अनुसन्धानको काम गर्ने वा स्थानीय घटनाहरूका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलका तर्फबाट भनी आफूखुसी धारणा व्यक्त गर्ने अधिकार रहँदैन। मानवअधिकारसम्बन्धी कुनै घटना वा विषयका सम्बन्धमा संस्थाको तर्फबाट अनुसन्धान गरी संस्थागत धारणा बनाउने कामको जिम्मा पाएका एम्नेस्टी इन्टरनेसनलका व्यावसायिक अनुसन्धानकर्ताहरूले मात्र त्यस्तो काम गर्न सक्दछन्।

## अभियान

मानवअधिकारका सम्बन्धमा गरिएका अनुसन्धानका आधारमा एम्नेस्टी इन्टरनेसनलले अभियानहरू सञ्चालन गर्ने गर्दछ। यस्ता अभियानहरू विरोधात्मक तथा प्रवर्धनात्मक दुवै हुने गर्दछ।

- विरोधात्मक (Oppositional) अभियानअन्तर्गत कुनै पनि राज्य, गैरराज्य वा अन्य पक्षबाट कुनै पनि ठाउँमा कुनै पनि प्रकारले गरिने मानवअधिकार उल्लङ्घन वा ज्यादतीको विरूद्धमा अभियान सञ्चालन गरिन्छ।
- प्रवर्धनात्मक (Promotional) अभियानअन्तर्गत मानवअधिकार शिक्षा तथा सचेतनाका कार्यक्रम र मानवअधिकारको अवस्था सुदृढ गर्न देशको कानुनी संयन्त्रको विकासका लागि सरकारीलगायतका नियकायहरूसँगसमेत मिलि विभिन्न कार्य, सहकार्य र गतविधिहरू गरिन्छ।





भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले एम्नेस्टी इन्डिया लगायत परोपकार क्षेत्रमा गरिरहेको दमनको विरोधमा काठमाडौं, लैनचौर-स्थित भारतीय दूतावास नजिक शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा प्रहरीको हस्तक्षेप । २०७५ मङ्सिर (नोभेम्बर २०१८)


## एम्नेस्टी इन्टरनेसनलले निम्न लिखित कामहरू गर्दैन

मानवअधिकारका क्षेत्रमा काम गर्ने यस संस्थाको नीति निर्धारण गर्ने सर्वोच्च निकाय विश्वव्यापी सभा (Global Assembly)ले तयार गरेका नीतिबमोजिम एम्नेस्टी इन्टरनेसनलले आफ्नो काम गर्दछ। केही यस्ता विषय छन्, जसमा एम्नेस्टी इन्टरनेसनल तटस्थ रहन्छ। ती हुन् :

- एम्नेस्टी इन्टरनेसनल कुनै पनि सरकार, राजनीतिक विचार, आर्थिक लाभ वा धर्मको समर्थन वा विरोध गर्दैन ।
- कुनै पनि व्यक्ति वा समूह, जसको अधिकार संरक्षणको लागि एम्नेस्टी इन्टरनेसनलले अभियान गर्दछ, त्यस्ता व्यक्ति वा समूहको आस्था, धर्म, दर्शन वा विचार वा उनीहरूले गर्ने अभियानको समर्थन पनि गर्दैन र विरोध पनि गर्दैन । एम्नेस्टी इन्टरनेसनलको सरोकार भनेको सम्बन्धित व्यक्ति वा समूहको अधिकार हनन् भएको छ वा छैन भन्ने मात्र हो ।




मानवअधिकारसम्बन्धी सिकाइलाई सहज बनाउन एम्नेस्टी नेपालद्वारा 'राइट्स आर्केड' नामक निशुल्क मोबाइल गेम एप सार्वजनिक । २०७८ माघ (जनवरी २०२२)




२०४६ सालपछि आयोजना गरिएका यस्ता तालिम र गोष्ठीहरूले
एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा पुनर्स्थापनामा भूमिका खेलेका थिए ।

- भूमीसम्बन्धी विवादमा धारणा व्यक्त गर्दैन ।
- आफ्नो कामको निष्पक्षता एवं स्वतन्त्रता कायम राख्न एम्नेस्टी इन्टरनेसनलले मानवअधिकार उल्लङ्घन र ज्यादतीबारे अनुसन्धान र अभियान चलाउन कुनै पनि सरकार र राजनीतिक दलबाट आर्थिक सहायता लिँदैन ।
- मानवअधिकार हननका घटनाहरू र कुन पक्ष वा राष्ट्र बढी/कम हनन्कर्ता हो भनी तुलनात्मक विश्लेषण गर्दैन ।

## सङ्गठनात्मक संरचना

### विश्वव्यापी सभा (Global Assembly)

एम्नेस्टी इन्टरनेसनलको सर्वोच्च निर्णायक निकाय प्रत्येक वर्ष हुने विश्वव्यापी सभा (Global Assembly) हो जसमा प्रत्येक देशका एम्नेस्टी शाखाहरूबाट प्रतिनिधिहरू सहभागी हुन्छन् । यस सभाले संस्थाको नीतिगत निर्णयहरू लिने गर्दछ। ग्लोबल असेम्ब्ली भन्दा केही समय अघि क्षेत्रीयस्तरमा एम्नेस्टी इन्टरनेसनलका शाखाहरूको क्षेत्रीय मञ्च (Regional Forum) भेला हुने गर्दछ जहाँ एम्नेस्टीका विभिन्न महादेशीय क्षेत्रका (अमेरिका, एसिया प्यासिफिक, अफ्रिका, युरोप, मध्य पूर्व र उत्तरी अफ्रिका) एम्नेस्टी शाखाहरूले मानवअधिकारका क्षेत्रीय विषयहरू लगायत आसन्न ग्लोबल असेम्ब्लीमा निर्णयार्थ प्रस्तुत गरिने विभिन्न विषयवस्तुहरूमा तयारी छलफलहरू गर्ने गर्दछन् ।



सन् २०१७ मा इटलीको रोममा आयोजित एम्नेस्टी इन्टरनेसनलको ३३ औं र अन्तिम आइसिएम (International Council Meeting) मा भोटिङ्ग कार्ड उठाएर विभिन्न शाखाका प्रतिनिधिहरू मतदान गर्दै ।




सन् २०१९ मा दक्षिण अफ्रिकाको जोहानेसबर्गमा आयोजित एम्नेस्टी इन्टरनेसनलको दोश्रो ग्लोबल असेम्ब्लीमा तत्कालीन महासचिव कुमी नाइडु एम्नेस्टी का युवा सदस्यहरूमाझ जलवायु परिवर्तनले मानवअधिकारमा पारेको असरसम्बन्धी छलफल सत्रपछि ।

## अन्तर्राष्ट्रिय बोर्ड

विश्वव्यापी सभा (Global Assembly) बाट प्रत्येक दुई वर्षमा अन्तर्राष्ट्रिय बोर्ड (International Board– IB) को चयन गरिन्छ, जसमा एक जना कोषाध्यक्ष र आठ जना सदस्यहरू गरी जम्मा ९ जना चुनिन्छन्। बोर्डले आफूमध्येबाट एक जनालाई अध्यक्ष नियुक्त गर्दछ। बोर्डका पदाधिकारीहरूले स्वयंसेवी रूपमा कार्य गर्दछन्। बोर्डको काम विश्वव्यापी सभा (Global Assembly) का निर्णयहरू कार्यान्वयन गर्नु र अन्तर्राष्ट्रिय सचिवालयको कामको सुपरीवेक्षण गर्नु हो।

## अन्तर्राष्ट्रिय सचिवालय

एम्नेस्टी इन्टरनेसनलको सम्पूर्ण कामको सञ्चालन अन्तर्राष्ट्रिय सचिवालय (International Secretariat-IS) बाट हुने गर्दछ जुन बेलायतको लन्डनमा रहेको छ। अन्तर्राष्ट्रिय बोर्डले अन्तर्राष्ट्रिय सचिवालयका प्रमुखका रूपमा एकजना महासचिवको नियुक्त गर्ने गर्दछ, जसको कार्य एम्नेस्टी इन्टरनेसनलका गतिविधि सञ्चालन गर्नु र ग्लोबल असेम्ब्लीबाट पारित निर्णयहरू कार्यान्वयन गर्नु हो। लन्डनस्थित अन्तर्राष्ट्रिय सचिवालय कार्यालय एम्नेस्टीको केन्द्रीय कार्यालय हो। साउथ एसिया, दक्षिण पूर्वी एसिया प्यासिफिक, पूर्वी एसिया, मिडल इस्ट र नर्थ अफ्रिका, अफ्रिका, युरोप र अमेरिका क्षेत्रहरूलाई अलग अलग कभर गर्ने गरी अन्तर्राष्ट्रिय सचिवालयले हाल आफ्नो क्षेत्रीय कार्यालयहरूलाई हाल विभिन्न १४ स्थान (कोलम्बो, बैंकक, सिओल, लिमा, मेक्सिको सिटि, वासिङ्गटन डिसि, न्युयोर्क, बेरूत, जोहानेसबर्ग, डाकार, नायरोबी, ब्रसेल्स्, पेरिस, म्याड्रिड) बाट सञ्चालन गरिरहेको छ।

## विभिन्न देशमा शाखाहरू

विभिन्न देशमा एम्नेस्टी इन्टरनेसनलका शाखाहरू (Section) रहेका छन्। यस्ता शाखाहरूले सम्बन्धित देशमा एम्नेस्टी इन्टरनेसनलको कामको संयोजन गर्दछन्। हाल एम्नेस्टी इन्टरनेसनलको नेपाल समेत गरी ६४ वटा राष्ट्रिय शाखाहरू (Sections) रहेका छन्।

## स्थानीय समूह र नेटवर्क

एम्नेस्टी इन्टरनेसनलले गर्ने मानवअधिकारसम्बन्धी अभियानमा स्वयंसेवी हिसाबले योगदान दिन इच्छुक व्यक्तिहरूले एम्नेस्टी इन्टरनेसनलको सदस्यता लिई स्थानीय स्तरमा नेटवर्क वा समूहहरू गठन गर्दछन्। यसरी एम्नेस्टी इन्टरनेसनलमा आबद्धता लिएका समूह वा नेटवर्कले एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गर्ने मानवअधिकारसम्बन्धी अभियानको दायराभित्र रही आफ्नै आर्थिक स्रोतको प्रयोग गरी विभिन्न गतिविधि गर्ने गर्दछन्। त्यस्तै स्थानीय सदस्य र समूहहरूले सम्बन्धित देशमा रहेको एम्नेस्टी इन्टरनेसनलको कार्यालयको खर्च धान्नका लागि आर्थिक योगदान पनि गर्ने गर्दछन्।

## सदस्यता

एम्नेस्टी इन्टरनेसनलको नीति स्वीकार गर्ने कुनै पनि व्यक्ति स्थानीय नेटवर्क वा समूहमार्फत् वा सिधै एम्नेस्टी इन्टरनेसनलको राष्ट्रिय सचिवालयबाट सदस्य (Member) बन्न सक्दछन्। स्थानीय नेटवर्क वा समूह वा राष्ट्रिय सचिवालय नभएका देशमा सोझै अन्तर्राष्ट्रिय सचिवालयबाट सदस्यता लिन सकिन्छ। एम्नेस्टी इन्टरनेसनलको सदस्यताको लागि तोकिएको शुल्क तिर्नु पर्दछ र एम्नेस्टी इन्टरनेसनलको नीति नियमको परिधिभित्र रही कार्य गर्नुपर्दछ।

## आर्थिक स्रोत

यस संस्थाका सदस्य र समर्थकहरूबाट प्राप्त हुने शुल्क, अर्थसङ्कलनका विभिन्न कार्यक्रमबाट प्राप्त हुने रकम तथा विभिन्न देशमा रहेका राष्ट्रिय शाखाहरूले प्रत्येक वर्ष अनिवार्य रूपमा बुझाउने रकम नै यस संस्थाको प्रमुख आर्थिक स्रोत हो। एम्नेस्टी इन्टरनेसनलले स्वतन्त्रता र निष्पक्षता कायम राख्न अभियान सञ्चालन र अनुसन्धानका कामका लागि कुनै पनि सरकार वा राजनीतिक दलबाट आर्थिक सहयोग ग्रहण गर्दैन। (तर मानवअधिकार शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न भने हालैका वर्षहरूमा आएर निश्चित प्रक्रिया पूरा गरी निश्चित रकम लिन सक्ने व्यवस्था गरिएको छ)।

# एम्नेस्टी इन्टरनेसनल नेपाल



नुतन थपलिया

नेपालमा सन् १९६९ मा कानुन व्यवसायी नुतन थपलियाले पहिलो पटक एम्नेस्टी इन्टरनेसनलको स्थापना गर्नुभएको हो । त्यसको केही वर्षपछि एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय कार्यसमितिले सन् १९७१ मा एम्नेस्टी इन्टरनेसनलको “नेपाल शाखा“ (Nepal Section) को मान्यता प्रदान गर्‍यो र संस्थाको पहिलो अध्यक्ष हृषिकेश शाह हुनुभयो । तर तत्कालीन शासन व्यवस्था र परिस्थितिका कारण सन् १९८२ पछि अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको “नेपाल शाखा“ (Nepal Section) को मान्यता खारेज गर्‍यो। “नेपाल शाखा“ (Nepal Section) को मान्यता खारेज भएपछिका वर्षहरूमा पनि विभिन्न बुद्धिजीवी तथा मानवअधिकार अभियन्ताहरू सोभैै एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयबाट सदस्यता लिने, एम्नेस्टी इन्टरनेसनल समूहहरू गठन गर्ने एवं एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गर्ने विश्वव्यापी अभियानमा सहभागी हुने क्रम निरन्तर थियो। सन् १९९० मा नेपालमा एम्नेस्टी इन्टरनेसनलको राष्ट्रिय कार्यालय स्थापना हुनु पूर्व गठन भएका र हालसम्म कार्यरत एम्नेस्टी इन्टरनेसनल समूहहरूमध्येमा काठमाडौंस्थित समूह-३ र समूह-१८, इटहरी स्थित समूह-६, विराटनगरस्थित समूह-४१ लगायत रहेका छन्।

वि.सं. २०४६ (सन् १९९०) को जनआन्दोलनको सफलता एवं प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालमा एम्नेस्टी इन्टरनेसनलको राष्ट्रिय कार्यालय गठनको प्रयास भयो। वि.सं. २०४७ (सन् १९९०) मा एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालयको पहलमा एक समन्वयात्मक संरचना (Coordinating Structure) गठन भयो जसको पहिलो संयोजक चित्र निरौला हुनुहुन्थ्यो। त्यसपछि सन् १९९३ मा सो Coordinating Structure लाई अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको “नेपाल शाखा“ (Nepal Section) को मान्यता प्रदान गर्‍यो ।



हेटौंडामा आयोजित १४ औं युथ मेलामा सहभागी एम्नेस्टी नेपालका युवा सदस्य प्रतिनिधिहरू । २०७८ माघ (डिसेम्बर २०२१)




रसियाद्वारा युक्रेनमाथि गरिएको आक्रमणको विरोधमा रसियन दूतावास अगाडि गरिएको प्रदर्शन । २०७८ फागुन (मार्च २०२२)



अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा *वुमन इन बिग डेटा नेपाल* सँगको सहकार्यमा एम्नेस्टी नेपालका सदस्यहरूलाई डेटा सुरक्षासम्बन्धी कार्यशाला । २०७८ फागुन (मार्च २०२२)

एम्नेस्टी इन्टरनेसनल नेपाललाई नेपालमा कार्यरत संस्थाहरूमध्ये एक अग्रणी मानवअधिकार संस्थाका रूपमा चिन्ने गरिन्छ।

## उद्देश्य

एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय संरचनाको एक अङ्ग भएका कारण एम्नेस्टी इन्टरनेसनल नेपालको परिदृश्य, उद्देश्य र मूल आदर्श पनि स्वाभाविक तवरले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय परिदृश्य, उद्देश्य र मूल आदर्शबमोजिम नै रहेका छन् ।

एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गर्ने अभियानहरू अन्तर्राष्ट्रिय प्रकृतिको हुने हुँदा त्यस्ता अभियानमा विश्वका विभिन्न मुलुकबाट कार्य अघि बढोस् भनेर विभिन्न देशमा यसले संरचना विस्तार गरेको हुन्छ, जसमध्ये एम्नेस्टी इन्टरनेसनल नेपाल पनि एक हो । अरू संरचनाहरूले झैं संसारको कुनै पनि कुनामा हुने मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गर्ने अभियानमा सहभागी हुनु र आफू मातहतका सदस्यहरूलाई त्यसमा परिचालन गर्नु एम्नेस्टी इन्टरनेसनल नेपालको प्राथमिक काम हो ।

## एम्नेस्टी इन्टरनेसनल नेपाल वर्तमानमा

एम्नेस्टी इन्टरनेसनल नेपाल वर्तमान अवस्थासम्म आइपुग्दा विभिन्न ४३ जिल्लामा यसका ८६ वटा स्थानीय समूह, ४ वटा निर्माणाधीन समूह र ५७ वटा युथ नेटवर्कहरू रहेका छन्। यस संस्थामा हाल (जुन २०२२ मा) देशभर करीब ७,००० सदस्यहरू रहेका छन् जसमा करिब ३०० जति समर्थक सदस्यहरू समेत रहेका छन् । ती सदस्य र यस संस्थामा आबद्ध स्थानीय समूह र नेटवर्कहरूले एम्नेस्टी इन्टरनेसनल नेपालको प्राथमिकतामा परेका अभियानहरूलाई स्थानीयकरण (Localization) गर्दै विभिन्न कार्यक्रमहरू गरिरहेका छन्।



सङ्क्रमणकालीन न्याय कानुन संशोधनका लागि प्रारम्भिक सुझावहरू कानुन न्याय तथा संसदीय मामिला मन्त्री माननीय गोविन्द शर्मा कोइरालाज्यूलाई हस्तान्तरण गर्दै नागरिक समाज तथा पीडित समुदायका प्रतिनिधिहरू । २०७९ असार (जुलाई २०२२)



अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा आयोजित कविता वाचन कार्यक्रममा वाङ्गमय शताब्दी पुरूष श्री सत्यमोहन जोशी, कवि तुलसी दास र एम्नेस्टी इन्टरनेसनल नेपालका संस्थापक नुतन थपलिया । २०७४ मसिंर (डिसेम्बर २०१७)

## एम्नेस्टी इन्टरनेसनल नेपालको सङ्गठनात्मक संरचना

### वार्षिक साधारणसभा

वार्षिक साधारणसभा एम्नेस्टी इन्टरनेसनल नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हो। यसमा नेपालभर रहेका समूह, युथ नेटवर्क, निर्माणाधीन समूह, निर्माणाधीन युथ नेटवर्क एवं समर्थक सदस्यहरूका प्रतिनिधि र पर्यवेक्षकहरूको सहभागिता रहन्छ। साधारणसभाको बैठक प्रत्येक वर्ष बस्दछ।

### नेसनल बोर्ड

साधारणसभाको अन्तरालमा गर्नुपर्ने नीतिगत कामका लागि एम्नेस्टी इन्टरनेसनल नेपालको साधारणसभाबाट ११ सदस्यीय नेसनल बोर्ड निर्वाचन गरिन्छ। दुईवर्षे कार्यकालको सो बोर्डमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष, तीन जना महिला सदस्य, एक जना महिलासमेत गरी दुई जना युवा र चार जना खुला सदस्यहरू रहन्छन्। नेसनल बोर्डका सबै पदाधिकारीहरू स्वयंसेवी तवरले काम गर्दछन्।

... वैशाख को एउटा मध्य रातमा नेविसंघका अन्य दुइ साथीहरु सँगै म गिरफ्तारीमा परें। सोह्रखुट्टे प्रहरी चौकीको एउटा अंध्यारो कोठामा हामीलाई कोचियो। आफन्तहरु सँगको भेटघाटमा बन्देज थियो, पिसाबको बाल्टिन बोकन लगाइयो। हाम्रो साहसलाई तोड्ने हरेक प्रयत्न गरिंदै थियो। उनीहरु हामीलाई कमजोर बनाउन खोज्दै थिए, हामी भित्रैबाट झन मजबुत हुंदै गइरहेका थियौं। यसै बीचमा एमनेस्टी इन्टरनेशनलले मलाई आस्थाको बन्दी घोषणा गरेको समाचार आयो। मेरा निम्ति त्यो समाचार आमाको मायालु हातहरुले नआत्ति बाबु भनेर पिठ्युमा थपथपाएको जस्तो भयो। तर त्यहि समाचार निरंकुश सत्ताका मतियारहरुका निम्ति दह्रो झापड जस्तो भयो।...

धन्यवाद।

गगन कुमार थापा
पूर्व महामंत्री, नेविसंघ

एम्नेस्टी इन्टरनेसनलद्वारा विगतमा आस्थाका बन्दी घोषित नेपाली कांग्रेसका नेता गगन कुमार थापा ।

## राष्ट्रिय सचिवालय

एम्नेस्टी इन्टरनेसनल नेपालको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि राष्ट्रिय सचिवालय रहेको छ। सचिवालयको प्रमुखमा एक जना निर्देशक रहन्छन्। राष्ट्रिय सचिवालयले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय नीति तथा एम्नेस्टी इन्टरनेसनल नेपालको वार्षिक साधारणसभाको निर्णयबमोजिम गतिविधि सञ्चालन गर्ने गर्दछ। यसले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालय तथा क्षेत्रीय कार्यालयहरू तथा विभिन्नि देशका शाखाहरूसँग समन्वयको काम पनि गर्दछ।




एम्नेस्टी इन्टरनेसनल नेपाल, राष्ट्रिय सचिवालय, काठमाडौं।

## स्थानीय समूह तथा युथ नेटवर्कहरू

एम्नेस्टी इन्टरनेसनलको स्थानीय संरचनाका रूपमा नेपालका विभिन्न स्थानमा निर्माणाधीन समूह (Group in formation), समूह (Group), निर्माणाधीन युथ नेटवर्क (Youth Network in formation) र युथ नेटवर्क (Youth Network) गरी ४ प्रकारका स्थानीय संरचनाहरू (local structures) रहन्छन्। एम्नेस्टी इन्टरनेसनल नेपालअन्तर्गतको "समूह र युथ नेटवर्क" को मान्यता पाउनु अघि "निर्माणाधीन समूह र निर्माणाधीन युथ नेटवर्क" का रूपमा काम गर्नुपर्ने प्रावधान रहेको छ।

निर्माणाधीन समूह र निर्माणाधीन युथ नेटवर्कको आबद्धताको मान्यता प्राप्त गर्न एम्नेस्टी इन्टरनेसनलको सदस्यता लिएका कम्तिमा ५० जनाका तर्फबाट निवेदन दिनु पर्दछ।

## सदस्य

संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै एम्नेस्टी इन्टरनेसनलको अभियानमा सहयोग पुर्‍याउन चाहने व्यक्तिलाई आस्था, धर्म, वर्ण, लिङ्ग, उत्पत्ति तथा भाषा आदिको आधारमा कुनै विभेद बिना एम्नेस्टी इन्टरनेसनलको सदस्यता प्राप्त हुन्छ।

एम्नेस्टी इन्टरनेसनल नेपालले निम्नबमोजिम तीन प्रकारको सदस्यता प्रदान गर्दछ। ती सबै सदस्यताको अवधि दुई वर्षको हुने गर्दछ, जसलाई सदस्यताको अवधि समाप्त हुनुअघि सहजै नवीकरण गर्न सकिन्छ।

### (क) समूहगत सदस्य

नेपालका विभिन्न स्थानमा रहेका एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध स्थानीय समूह वा निर्माणाधीन समूहको सिफारिसमा समूहगत सदस्यता प्राप्त गर्न सकिन्छ। समूहगत साधारण सदस्यको सम्बन्धित एम्नेस्टी इन्टरनेसनल समूह/निर्माणाधीन समूहमा र सम्बन्धित समूह/निर्माणाधीन समूहमार्फत् एम्नेस्टी इन्टरनेसनल नेपालको निर्णय प्रक्रियामा सहभागिता रहन्छ।

#### समूहगत सदस्यता प्राप्त गर्ने विधि

एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूहअन्तर्गत सदस्य बन्न चाहनेहरूले आफ्नो नजिकमा रहेका एम्नेस्टी इन्टरनेसनल समूहको सिफारिसमा सदस्यता लिन सक्दछन्। यसका लागि सदस्यता फाराम (अनलाइन/अफलाइन) भरेर तोकिएको शुल्कसहित सम्बन्धित समूहमा बुझाएपछि सम्बन्धित समूहले राष्ट्रिय सचिवालयमा पठाउँछ र राष्ट्रिय सचिवालयले सदस्यता प्रदान गर्दछ।

### (ख) युथ नेटवर्क सदस्यता

नेपालका विभिन्न स्थानमा रहेका एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध स्थानीय युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कको सिफारिसमा १४ देखि २५ वर्षसम्मका

व्यक्तिले युथ नेटवर्क सदस्यता प्राप्त गर्न सक्दछन् । युथ नेटवर्क साधारण सदस्यको सम्बन्धित युथ नेटवर्क/निर्माणाधीन युथ नेटवर्कमा र सम्बन्धित युथ नेटवर्क/निर्माणाधीन युथ नेटवर्कमार्फत एम्नेस्टी इन्टरनेसनल नेपालको निर्णय प्रक्रियामा सहभागिता रहन्छ।

### युथ नेटवर्क सदस्यता प्राप्त गर्ने विधि

एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध युथ नेटवर्कअन्तर्गत सदस्य बन्नेहरूले आफ्नो नजिकमा रहेका एम्नेस्टी इन्टरनेसनल युथ नेटवर्कको सिफारिसमा सदस्यता लिन सक्दछन्। यसका लागि सदस्यता फाराम (अनलाइन/अफलाइन) भरेर तोकिएको शुल्कसहित सम्बन्धित युथ नेटवर्कमा बुझाएपछि सम्बन्धित नेटवर्कले राष्ट्रिय सचिवालयमा पठाउँछ र राष्ट्रिय सचिवालयले सदस्यता प्रदान गर्दछ।

## (ग) समर्थक सदस्य

संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुर्‍याउन चाहने १६ वर्ष र सोभन्दा माथिको नागरिकले एम्नेस्टी इन्टरनेसनल नेपालको समर्थक सदस्यता प्राप्त गर्न सक्दछन्।

### समर्थक सदस्यता प्राप्त गर्ने विधि

समर्थक सदस्यता प्राप्त गर्न तोकिएबमोजिमको सदस्यता फारम (अनलाइन/अफलाइन) भरी तोकिएको शुल्कसहित एम्नेस्टी इन्टरनेसनल नेपालको राष्ट्रिय सचिवालयमा बुझाएपछि त्यस्तो सदस्यता प्राप्त गर्न सकिन्छ।

**यसरी सदस्यता प्रदान गर्नु अघि राष्ट्रिय सचिवालयले सम्बन्धित व्यक्तिको मानवअधिकारसम्बन्धी पृष्ठभूमि र ट्र्याक रेकर्डलाई अध्ययन गरी एम्नेस्टी इन्टरनेसनल नेपालको विधानबमोजिम सदस्यता प्रदान गर्नेछ ।**

## पुनरावेदन समिति

एम्नेस्टी इन्टरनेसनल नेपालका कुनै समूह अत्यन्त निष्क्रिय भएमा वा समूहले कार्यक्षेत्र उल्लङ्घन गरेमा एम्नेस्टी इन्टरनेसनल नेपालको विधान, नियमावली एवं कार्यविधिमा तोकिए बमोजिमको सफाइको मौका दिने लागयतका प्रक्रिया पूरा गरी राष्ट्रिय बोर्डले समूह खारेज गर्न सक्दछ। त्यस्तै सदस्यहरूले पनि एम्नेस्टी इन्टरनेसनलको कार्यक्षेत्र एवं विधान विपरीत कार्य गरेमा सदस्यताबाट निष्काशन गर्न सकिन्छ। तर त्यसरी गरिएको समूह विघटन वा सदस्यबाट निष्काशनसम्बन्धी निर्णय चित्त नबुझेमा त्यस्ता निर्णयउपर पुनरावेदन सुन्न एम्नेस्टी इन्टरनेसनल नेपालमा पुनरावेदन समितिको व्यवस्था रहेको छ। राष्ट्रिय बोर्ड जस्तै पुनरावेदन समिति पनि हरेक २-२ वर्षमा साधारणसभाबाट निर्वाचित हुने गर्दछ।

# आर्थिक स्रोत

अन्तर्राष्ट्रिय कार्यालयको जस्तै एम्नेस्टी इन्टरनेसनल नेपालको पनि आर्थिक स्रोत यसका सदस्य, दाता तथा शुभचिन्तकहरूबाट प्राप्त हुने आर्थिक सहयोग नै हो। यसका अलवा बेलाबखत सञ्चालन गरिने अर्थसङ्कलनका कार्यक्रमहरूबाट प्राप्त हुने रकम एम्नेस्टी इन्टरनेसनल नेपालको थप आर्थिक स्रोत हो।

यसैगरी अभियान एवं कार्यालय सञ्चालनका लागि केही रकम एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयबाट प्राप्त हुँदै आएको छ।



मुक्तिनाथ अधिकारीको २० औं स्मृति दिवसमा आयोजित "न्यायको प्रतिक्षाका २० वर्षः राज्य जवाफदेही बन्ने कहिले?" विषयक अन्तरक्रिया कार्यक्रम । २०७८ माघ (जनवरी २०२२)

मानवअधिकार सञ्चारकर्मीहरूलाई एम्नेस्टी नेपालद्वारा प्रदेश २ को जनकपुरमा प्रदान गरिएको प्रशिक्षण कार्यशालाका सहभागीहरू । २०७८ मङ्सिर (डिसेम्बर २०२१)










"संरक्षणको नाममा मानवअधिकार उल्लङ्घन" प्रतिवेदनको निष्कर्ष तथा सुझावहरू स्थानीय सरकारी प्रतिनिधि र अन्य सरोकारवालाहरूका माझ छलफल तथा उक्त प्रतिवेदनलाई गेरूवा गाउँपालिका अध्यक्ष जमान सिंह के.सी.ज्यूलाई हस्तान्तरण गर्दै । २०७९ असार (जुन २०२२)

# एम्नेस्टी इन्टरनेसनल अभियान

एम्नेस्टी इन्टरनेसनल अभियानमुखी संस्था हो। यसले सञ्चालन गर्ने अभियानका कारण कयौं मानिसहरू मानवअधिकार हननबाट बचेका थुप्रै उदाहरणहरू छन्। मानवअधिकार ज्यादती एवं उल्लङ्घन रोक्न एम्नेस्टी इन्टरनेसनलले सम्बन्धित पक्षलाई दबाब सिर्जना गर्दछ भने मानवअधिकारका विषयमा जनचेतना अभिवृद्धिका लागि पनि यसले कार्य गर्दछ। कुनै पनि स्थानमा भएका गम्भीर मानवअधिकार हनन्का विषयमा एम्नेस्टी इन्टरनेसनलले अभियान गर्दछ। त्यस्ता घटना र एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गर्ने लागेको अभियानका बारेमा आफ्ना सदस्य र समर्थकहरूलाई जानकारी गराउँदै त्यस्ता मानवअधिकार हनन्का घटनामा अभियान गर्न अनुरोध गर्दछ। तत्पश्चात्






एम्नेस्टी इन्टरनेसनलद्वारा विगतमा आस्थाका बन्दी घोषित नेपाली कांग्रेसका संस्थापक नेता तथा भूतपूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई ।




एम्नेस्टी इन्टरनेसनलको ६१ औँ स्थापना दिवसको अवसरमा आयोजित "हिरासतमा मृत्युका घटनाहरूमा राज्यको जवाफदेहिता" विषयक छलफल कार्यक्रममा पूर्व प्रधानन्यायाधीश माननीय कल्याण श्रेष्ठ। २०७९ जेठ (मे २०२२)

खासगरी सदस्य र समर्थकहरूले सम्बन्धित अधिकारीलाई पत्र लेख्ने, प्रदर्शनहरू गर्ने, भेटघाट गर्ने लगायतको विधिबाट अभियान गर्दछन्। यसरी गरिएको अभियानका कारण गम्भीर मानवअधिकार सङ्कटमा परेका मानिसहरूले त्यसबाट पार पाएका कयौं उदाहरणहरू छन्।

# एम्नेस्टी इन्टरनेसनल सदस्य, तथा स्थानीय समूह तथा युथ नेटवर्कहरूको काम

## सदस्यको काम

एम्नेस्टी इन्टरनेसनल एउटा यस्तो संस्था हो जो मूलतः सदस्यहरूको सक्रिय सहभागिताका आधार मा आफ्नो लक्ष्यमा पुग्न अग्रसर छ। एम्नेस्टी इन्टरनेसनलका सदस्यहरूको केही मुख्य कामहरू निम्नबमोजिम छन्:

- एम्नेस्टी इन्टरनेसनलद्वारा सञ्चालन गरिने मानवअधिकारसम्बन्धी विभिन्न अभियानमा सहभागी हुनु ।
- मानवअधिकार हनन्को जोखिममा परेकाहरूका तर्फबाट सम्बन्धित अधिकारीलाई पत्र लेख्नु ।
- एम्नेस्टी इन्टरनेसनललाई आर्थिक सहयोग प्रदान गर्नु ।
- स्थानीय राजनीतिज्ञ र सञ्चार जगतलाई एम्नेस्टी इन्टरनेसनलको धारणाका बारेमा अवगत गराउनु ।

## स्थानीय समूह तथा युथ नेटवर्कहरूको काम

एम्नेस्टी इन्टरनेसनलका सदस्यहरूले आफूलाई नजिक पर्ने समुदायमा खुलेको समूह वा युथ नेटवर्कसँग आबद्ध भई काम गर्न सक्दछन्। मूलभूत रूपमा स्थानीय समूह वा युथ नेटवर्कले गर्ने कार्यहरू निम्न प्रकार छन् :

## (क) अभियानसँग सम्बन्धित कार्य

- एम्नेस्टी इन्टरनेसनल नेपालको योजनामा आधारित विभिन्न कार्यक्रमहरू स्थानीयस्तरमा आयोजना गर्नु ।
- एम्नेस्टी इन्टरनेसनलका विभिन्न सञ्जालसँग आबद्ध भई काम गर्नु ।
- मानवअधिकार र एम्नेस्टी इन्टरनेसनलका बारेमा जनचेतना बढाउनु र सार्वजनिक कार्यक्रमहरू गर्नु ।

## (ख) व्यवस्थापकीय कार्य

- एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय विधान, निर्देशिका, निर्वाचित निकायले गरेका निर्णयबमोजिम कार्य गर्नु ।
- आफ्नो अभियानमा राजनीतिक निष्पक्षता र स्वतन्त्रता कायम गर्नु ।
- निष्पक्ष, खुला र स्वतन्त्र तवरले अभियानहरू सञ्चालन गर्नु ।
- नियमित बैठक र आवश्यकताअनुसार अन्य बैठक राख्नु ।
- प्रत्येक वर्ष वार्षिक साधारणसभा गर्नु ।
- नेटवर्क वा समूहमा भएका आयव्ययको पारदर्शी तवरले लेखा राख्नु र त्यसको लेखापरीक्षण गराउनु ।
- आवश्यकताअनुसार विभिन्न कामहरूका लागि विभिन्न संयोजकहरूको नियुक्त गर्नु ।
- सदस्यहरूलाई एम्नेस्टी इन्टरनेसनल र मानवअधिकारका बारेमा प्रशिक्षण दिनु ।
- आवश्यकताअनुसार अन्य व्यवस्थापकीय र कार्यालयीय कामहरू गर्नु ।

## (ग) अर्थसङ्कलन

अर्थसङ्कलन अभियान सञ्चालनको अभिन्न पाटो भएकाले एम्नेस्टी इन्टरनेसनलमा



एम्नेस्टी नेपाल र आत्मनिर्भर केन्द्रद्वारा प्रकाशित "संरक्षणको नाममा मानवअधिकार उल्लङ्घन" विषयक प्रतिवेदनको निष्कर्श तथा सुझावहरू *डब्लुडब्लुएफ* (WWF) का प्रतिनिधिलाई हस्तान्तरण गर्दै । २०७९ वैशाख (मे २०२२)



राइट फर राइट्स अभियान २०२१ को तयारी कार्यशालामा सहभागी एम्नेस्टी नेपालका अभियन्ताहरू ।
२०७८ कार्तिक (नोभेम्बर २०२१)



एम्नेस्टी इन्टरनेसनल नेपालको नवनिर्वाचित नेसनल बोर्ड र पुनरावेदन समितिका पदाधिकारी र सदस्यहरूको लागि आयोजित इन्डक्सन कार्यक्रम पछि । २०७९ जेठ (मे २०२२)

आबद्ध स्थानीय नेटवर्क वा समूहको अर्को महत्त्वपूर्ण काम अर्थसङ्कलन हो। एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध हुने कुनै पनि स्थानीय समूह वा नेटवर्कलाई एम्नेस्टी इन्टरनेसनल नेपालबाट नियमित अनुदान प्राप्त हुँदैन र एम्नेस्टी इन्टरनेसनल त्यसरी नियमित अनुदान दिने डोनर एजेन्सी पनि होइन। तसर्थ स्थानीय नेटवर्क वा समूह सञ्चालनका लागि आवश्यक पर्ने आर्थिक स्रोत जुटाउन अर्थसङ्कलनका कार्यक्रमहरू गर्नु एम्नेस्टी इन्टरनेसनल समूह र युथ नेटवर्कको अर्को महत्त्वपूर्ण काम हो।




अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला हिंसा विरूद्ध *फोटो स्टन्टमा* सहभागी हुँदै । २०७८ फागुन (मार्च २०२२)



एम्नेस्टी इन्टरनेसनल नेपालका निवर्तमान अध्यक्ष बिक्रम ढुकुछुद्वारा नवनिर्वाचित अध्यक्ष बिपिन बुढाथोकीलाई एम्नेस्टीको प्रतीक चिन्ह मैनबत्ती हस्तान्तरण गर्दै । २०७८ चैत्र (अप्रिल २०२२)

प्रकाशक

एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा
एम्नेस्टीमार्ग, वसन्तनगर, बालाजु
पो.ब.नं. १३५, काठमाडौं, नेपाल ।
मोबाइल नं. ००९७७-९८५१३३६९९६
फोन नं. ००९७७-१-४३६४७०६/४३६५४३१
फ्याक्स नं. ००९७७-१-४३५४९८७

info@amnestynepal.org
amnestynepal.org
amnestynepal
amnestynepal
amnesty.nepal
@amnestynepal

**AMNESTY INTERNATIONAL**
**INTERNATIONAL SECRETARIAT**
Peter Benenson House
1 Easton Street
WC1X 0DW, London, UK
Phone: +44 20 74135500
Fax: +44 20 79561157
website: https://amnesty.org

मुद्रित : २०७९ साउन (July 2022) १०,००० प्रति